जि.प्र.का. सप्तरी द.नं. २२/०४८/०४९ | स.जि.हु.का.द.नं. ५/०६४/०६५

# राजविराज दैनिक

वर्ष ३१ | अंक १८८ | २०७८ साल फागुन १३ गते शुक्रबार (25 Feb. 2022 Friday) | मूल्य रु. ५/-

लैङ्गिक समानता बोलेर वा लेखेर मात्र प्राप्त हुँदैन । परिणाम प्राप्तिका लागि प्रत्येक व्यक्तिले व्यवहारिक सुरूवात आफैबाट गर्नुपर्दछ । परिवर्तनको प्रारम्भ आफ्नै घरबाट गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

**Log in : *rajbirajdainik.com.np***

*यस अंक भित्र :* २ पृष्ठमा : युक्रेनमाथि रसियाले थोल्या.. ३ पृष्ठमा : एमसिसी परियोजना : ऊर्जा ... ३ पृष्ठमा पुटिनद्वारा युक्रेनलाई 'असैनिकीकरण'..

## दुर्घटनामा गम्भिर घाइते भएका खानेपानीका कर्मचारीको उपचारका क्रममा मृत्यु

**दैनिक समाचारदाता**
**राजविराज, १२ फागुन ।**

राजविराजस्थित खानेपानी सरसफाई डिभिजन कार्यालयमा कार्यरत कर्मचारी सूर्य नारायण यादवको उपचारका क्रममा मृत्यु भएको छ ।



गत फागुन ५ गते पूर्वपश्चिम राजमार्ग अन्तरगत सप्तरीको रुपनी गाउँपालिकाको जगमोहन भन्ने स्थानमा पिकअप भ्यानले मोटरसाइकललाई ठक्कर दिँदा उनी गम्भिर घाइते भएका थिए ।

कामविशेषले जाँदै गर्दा उनीहरु चढेको मोटरसाइकललाई पछाडीबाट तिब्र गतिमा आउँदै गरेको माछा बोकेको लु.२च. ७९२८ नम्बरको पिकअप भ्यानले ठक्कर दिएको थियो ।

प्रहरीका अनुसार उक्त घटनामा गम्भिर घाइते भएका मोटरसाइकल चालक सप्तरीको विष्णुपुर गाउँपालिका ४ घर भएका ५२ वर्षिय यादवको बुधबार राती उपचारका क्रममा बिराटनगरस्थित न्यूरो अस्पतालमा मृत्यु भएको हो ।

सो दुर्घटनामा मोटरसाइकलमा सवार राजविराज नगरपालिका ७ का ४० वर्षिय दिपेन्द्र यादवको भने उपचार जारि रहेको प्रहरीले जनाएको छ ।

ठक्कर दिने गाडी र चालक प्रहरी नियन्त्रणमा रहेको र घटना बारे थप अनुसन्धान भइरहेको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ ।

## ब्राउन सुगरसहित दुई पक्राउ





**दैनिक समाचारदाता**
**राजविराज, १२ फागुन ।**

सप्तरीको सप्तकोशी नगरपालिका क्षेत्रबाट प्रतिबन्धित लागुऔषध ब्राउन सुगरसहित दुई जना पक्राउ परेका छन् ।

पक्राउ पर्नेमा उदयपुरको त्रियुगा नगरपालिका १३ का २६ वर्षिय सुमित चौधरी र चौदण्डि नगरपालिका ८ का ३४ वर्षिय विद्यानन्द चौधरी रहेका छन् ।

जिल्ला प्रहरी कार्यालय सप्तरीका डिएसपी माधप्रसाद काफ्लेका अनुसार सप्तकोशी नगरपालिका अन्तरगत कंचनपुर-फत्तेपुर सडकखण्डबाट प्रदेश १-०५-००१ प.४५९३ नम्बरको मोटरसाइकलमा सवार उनीहरुको साथबाट ६ ग्राम ब्राउन सुगर जस्तो देखिने बस्तु फेला परेको हो ।

पक्राउ परेकाहरुलाई सप्तरी जिल्ला अदालतबाट लागुऔषध मुद्दामा म्याद थपि थप अनुसन्धान भइरहेको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ ।



## सम्पादकीय ....

# चोरी पैठारी नियन्त्रणतर्फ ध्यान पुगोस्

सप्तरीस्थित विभिन्न भारतीय नाकाहरुबाट अवैध रुपमा चोरी पैठारी गरि मालसमान नेपाल भित्रिने क्रम जारि नै रहेको छ । खुला सिमानाका भएकै कारण यस्तो अवस्था आएको हो । ती नाकाहरुमा नेपाली सुरक्षाकर्मीहरु २४ औं घण्टा तैनाथ रहेपनि सो क्रम रोकिएको छैन् ।

प्रहरी प्रशासनले जतिसुकै तस्करी नियन्त्रण गर्ने प्रयास गरिए पनि तस्करी हुने क्रम बढ्दो छ । भारतबाट अवैध तरिकाले नेपाल भित्र्याउँदै गरेको लाखौं मूल्य बराबरको मालसमान समय समयमा जफ्त समेत हुने गरेको छ । तस्करी नियन्त्रणका लागि विभिन्न नाकाहरुमा नेपाल र सशस्त्र प्रहरीको टोलीलाई ठूलो संख्यामा परिचालन गरिएको छ ।

तसर्थ सीमानाकाको सुरक्षार्थ खटिएका प्रहरीले भारतबाट कर छलेर ल्याईने अवैध मालसमान नियन्त्रण गर्नुका साथै व्यक्तिलाई पक्राउ गरी कारबाहीको दायरामा ल्याई राज्यको राजश्व वृद्धि गराउनतर्फ समेत ध्यान दिनु आवश्यक छ ।

पुरानो रोगको उपचारका लागि सम्पर्क गरौं ।
होमियोप्याथिक रिसर्च इन्स्टिच्युट
डा. सुशील मोहन दास
(बी.एच.एम.एस)
सिरहा रोड, राजविराज फोन : ०३१-५२१९६८

डा. सरोज कुमार साह
Dr. Saroj Kumar Sah
MBBS, MS Orthopaedics (BPKIHS) Dharan
Fellowship in Hand Surgery (CMC Vellore)
NMC Reg. No. : 13288
हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

डा. जयन्ती यादव
Dr. Jayanti Yadav
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज
NMC No. : 15312
बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ
बाँझपन, कमजोरी, लिकोरिया, महिलाबारी समस्याको सफल उपचार
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

# युक्रेनमाथि रसियाले थाल्यो आक्रमण, रसियाली कदमको चौतर्फी विरोध

काठमाडौं, ११ फागुन (रासस) ।
रसियाका राष्ट्रपति भ्लादिमिर पुटिनले छिमेकी मुलुक युक्रेनमाथि सैन्य आक्रमण शुरु गरिएको बिहीबार बिहान घोषणा गर्नुभएको छ । टेलिभिजनबाट प्रत्यक्ष सम्बोधन गर्दै राष्ट्रपति पुटिनले युक्रेनको पूर्वीक्षेत्रमा आक्रमण केन्द्रित गरिएको र त्यो रसियाको आत्मरक्षाका लागि भएको दाबी गर्नु भएको छ ।

आठ वर्षअघि १८ मार्च २०१४ मा युक्रेनको पूर्व-दक्षिण क्षेत्रमा अवस्थित सामरिक महत्वको क्राइमियालाई रसियामा गाभेको रसियाले फेरि पूर्वीयुक्रेनका डोनबास क्षेत्र, डोनेस्क, लुहान्स्कलाई केही दिनअघि स्वतन्त्र राज्य घोषणा गरेको थियो । हाल डोनेस्क र लुहान्स्क क्षेत्रमा विद्रोही लडाकूको नियन्त्रण छ । यस क्षेत्रमा जारी द्वन्द्वमा १३ हजारभन्दा बढीको ज्यान गइसकेको छ ।

रसियाले अहिले युक्रेनको पूर्वीभागमा रहेका तीनै क्षेत्रलाई केन्द्रित गरी सैनिक अपरेसन थालेको बताउँदै आएको छ, तर रिपोर्टमा पूरै युक्रेनमा रसियाली सेनाले आक्रमण थालेको समाचार छ । युक्रेनसँग रहेको सेनाले रसियाली आक्रमण झेल्न कठिन हुने न्यूयोर्क टाइम्सले लेखेको छ । न्यूयोर्क टाइम्सका संवाददाताले अमेरिका र नेटोले युक्रेनलाई उपलब्ध गराएको सीमित हातहतियार र तालिमले रसियाली आक्रमणको प्रतिरोध गर्न सक्नेमा शंका व्यक्त गरेका छन् ।

रसियालाई चिढ्याउन र युक्रेनमाथि आक्रमणका लागि उक्साउन एउटा कारक मानिएको उत्तर एटलान्टिक सन्धि संगठन (नेटो)को गतिविधि पनि हो । युक्रेनको पछिल्लो राजनीतिक नेतृत्वले पश्चिमा मुलुकको सैनिक गठबन्धनका रुपमा परिचित नेटोको सदस्य बन्न तिब्र इच्छा जनाउँदै आएको छ, र पश्चिमा सञ्चारमाध्यमले अधिकांश युक्रेनी जनता नेटोको सुरक्षा छाता मातहत रहन चाहेको समाचार प्रसार गरिरहेका छन् ।

रसियाले युक्रेनलाई नेटोको सदस्यता दिइए त्यो रसियासँगको बिगतको सम्झौता बिपरीत हुने र त्यसले रसियाकै अस्तित्व सङ्कटमा पर्ने बताउँदै आएको थियो । त्यही कारण, राष्ट्रपति पुटिनले युक्रेनलाई नेटोको सदस्यता दिइए त्यसको परिणाम गम्भीर हुने चेतावनी दिँदै आउनुभएको वर्षौं भइसक्यो । खासगरी, रसियासँग लामो सम्बन्ध रहेका पूर्वीयुरोपेली मुलुकमा नेटोको सदस्यतालाई लिएर रसिया र पश्चिमा मुलुकबीच निरन्तर विवाद चुलिँदै गएको छ । कुनै समय रसियाका राज्य रहेका इस्टोनिया, लिथुआनिया र लाट्भियाले नेटोको सदस्यता लिइसकेका छन् भने पोल्यान्ड, रोमानीया र अरु कतिपय पूर्वीयुरोपेली मुलुक नेटोमा आबद्ध भइसकेका छन् । रसिया बिरोधी सैनिक गठबन्धनका रुपमा खडा भएको नेटो अहिले युक्रेन हुँदै रसियाको सीमा नजिक पुगेको छ ।

रसियाका लागि पश्चिम र पूर्वीयुरोपसँगको सम्पर्क र व्यापारका लागि युक्रेनको महत्व धेरै छ । आफ्नो मुलुकबाट इन्धन (ग्यास, खनिज तेल)को व्यापारका लागि युक्रेनी भूमिको प्रयोग रसियाका लागि अपरिहार्य झैं छ । यस्तो अवस्थामा युक्रेनमा नेटो गठबन्धनको व्यापक उपस्थिति भएमा कालान्तरमा रसिया घेराबन्दीमा पर्ने खतरा राष्ट्रपति पुटिनको छ ।

रसियाबाट अलग्ग भएर स्वतन्त्रता प्राप्त गरेको झण्डै तीन दशकपछि युक्रेनमाथि रसियाले पुनःआक्रमण गर्ला भन्ने धेरैले कल्पनासम्म गरेका थिएनन् । तर अहिले ६९ वर्षीय रसियाली राष्ट्रपति पुटिनको महत्वाकाँक्षा बढेको छ, र राष्ट्रपति पुटिनका कदमले समकालीन विश्वमा नयाँ त्रासको अवस्था सिर्जना गर्दैछ । पश्चिमा राष्ट्र र रसिया-चीनका कारण विश्व राजनीति फेरि ध्रुवीकरणतर्फ अग्रसर हुन लागेको आभास हुन थालेको छ ।

कुनै पनि शक्ति राष्ट्रले साना राष्ट्रलाई संरक्षण गर्नुपर्ने हो । तर, ठूला महाशक्ति राष्ट्र नै साना राष्ट्रलाई छिन्नभिन्न बनाउन र देश नै नियन्त्रणमा लिन उद्यत रहनु बिडम्बना नै हो । संयुक्त राष्ट्रसंघका महासचिव एन्टोनियो गुटेरेसले भावुक हुँदै राष्ट्रपति पुटिनसमक्ष युद्ध रोक्न र सैनिक युक्रेन नपठाउन आग्रह गर्नु भएको छ । "त्यहाँ पहिल्यै धेरैले जीवन उत्सर्ग गरिसकेका छन् । अब अझै रगत बगाउन दिनु हुँदैन र शान्तिको एउटा मौका दिनुहोस् ।"

गोप्य सूचनाको हवाला दिँदै अमेरिकी राष्ट्रपति जो बाइडेनले रसियाले युक्रेनमा आक्रमण गर्ने योजना बनाइसकेको र रसियाले त्यो दिनको पर्खिरहेको बताउँदै आउनुभएको थियो । आक्रमणको घोषणा गरिएको खबर पाएलगत्तै राष्ट्रपति बाइडेनले राष्ट्रपति पुटिनले मानवीय क्षति र पीडा निम्त्याउने एउटा असफल योजनाबद्ध युद्ध रोज्नु दुर्भाग्यपूर्ण रहेको उल्लेख गर्नु भएको छ । युक्रेनमा हुने मानवीय र भौतिक क्षतिका लागि रसिया दोषी ठहरिने छ, र त्यसलाई विश्वले कहिल्यै माफ नगर्ने राष्ट्रपति बाइडेनले भन्नुभएको छ ।

युक्रेनका राष्ट्रपति भोलोदिमर जेलेन्स्कीले अहिले आफ्ना जनतालाई धैर्य गर्न र रसियाली आक्रमणको डटेर प्रतिकार गर्न आह्वान गर्नुभएको एएफपीले जनाएको छ । उहाँले रसियाका झण्डै दुई लाख सैनिक हातहतियारसहित युक्रेनभित्र प्रवेश गर्न लागेको बताउनु भएको छ । युक्रेनको राजधानीसहित पूर्वीयुक्रेनका द्वन्द्वग्रस्त क्षेत्रमा बिस्फोटका आवाज सुनिएको पनि अन्तरराष्ट्रिय सञ्चारमाध्यमले जनाएका छन् ।

युक्रेनमाथि भएका हमलाको फ्रान्स, इटाली, जापान, अस्ट्रेलिया, जर्मनी, बेलायतसमेतका युरोपेली युनियनमा आबद्ध मुलुकले कडा शब्दमा निन्दा एवं भर्त्सना गरेका छन् । उनीहरुले रसियामाथि कडा प्रतिबन्ध घोषणा गरिने बताएका छन् । बिगतसमेतमा बिभिन्न प्रतिबन्ध झेल्दै आएको रसियाले फेरि नयाँ प्रतिबन्धको सामना गर्नुपर्ने ती राष्ट्रले घोषणा गरेका छन् ।

**नाकाबन्दीका लागि युक्रेनी आह्वान**

रसियाले एक स्वतन्त्र मुलुकमाथि अन्तरराष्ट्रिय कानुनको उल्लङ्घन गरी जबर्जस्ती युद्ध गरिरहेको जनाउँदै युक्रेनले रसियामाथि अन्तरराष्ट्रिय जगतबाट कठोर नाकाबन्दी लगाउन आह्वान गरेको छ । राष्ट्रपति बाइडेनले युक्रेनी राष्ट्रपति जेलेन्स्कीसँग कुरा गर्दै आफूले सात औद्योगिक राष्ट्रहरुको समूह जी-७ का नेतासँग बिहीबार बैठक गर्न लागेको र बैठकले रसियामाथि कठोर प्रतिबन्धहरु लगाउने बताउनुभएको छ । युक्रेन र युक्रेनी जनतालाई सबै किसिमको सहायता गर्न अमेरिकी गठबन्धन मुलुक तयार रहेको पनि बाइडेनले बताउनु भएको थियो ।

**युक्रेनी युद्धको असर**

युक्रेनमा रसियाले आक्रमण थालेसँगै अन्तरराष्ट्रिय बजारमा तेलको मूल्य वृद्धि भएको छ । तेलको मूल्य सात बर्ष यताकै सबैभन्दा बढी पुगेको छ । अन्तरराष्ट्रिय बजारमा तेलको मूल्यप्रति ब्यारेल १०० डलर नाघेको छ । एसियाली शेयर बजार पनि केही घटेको छ । (अन्तरराष्ट्रिय सञ्चारमाध्यमको सहयोगमा तयार पारिएको हो)

# एमसिसीलाई तत्काल सैद्धान्तिक छलफल नल्याउन आग्रह

काठमाडौं, १२ फागुन (रासस) ।
सत्ता गठबन्धनमा संलग्न नेकपा (माओवादी केन्द्र) र एकीकृत नेकपा (समाजवादी)ले अमेरिकी सहायता परियोजना मिलेनियम च्यालेन्ज कर्पोरेशन (एमसिसी) सम्झौतालाई अनुमोदन गर्ने प्रस्तावबारे तत्काल सैद्धान्तिक छलफल नगर्न आग्रह गरेको छ ।

सो प्रस्तावमा बिहीबार सैद्धान्तिक छलफल गर्ने कार्यसूची रहेकामा राजनीतिक दलमा सहमति नभएको र प्रमुख प्रतिपक्षी नेकपा (एमाले) ले सदनमा अवरोध जारी राखेको अवस्थामा यसलाई अघि नबढाउन ती दुबै दलले आग्रह गरेको हो । सरकारको नेतृत्वकर्ता नेपाली कांग्रेसले भने नियमितरुपमा छलफलको प्रक्रिया अघि बढाउन अडान लिएको छ । विवादका कारण दिउँसो १ बजेका लागि तोकिएको बैठक १:५० बजेसम्म सुरु हुन सकेको छैन । एमालेले आफ्ना माग पूरा नभएको जनाउँदै कार्यव्यवस्थाको बैठक बहिष्कार गर्दै आएको छ ।

सो छलफललाई अघि बढाउने वा नबढाउने भन्नेबारेमा माओवादी केन्द्रले पार्टीभित्र छलफल गर्ने जनाइएको छ । एमालेका नेता डा भीमबहादुर रावलले बिहीबारको बैठक बस्ने सम्भावना नरहेको बताउनुभयो । उहाँले सडकमा विरोधकाबीच सो प्रस्तावलाई अघि बढाउन र सत्ताका लागि राष्ट्रियताका सवालमा सम्झौता गर्न नहुने बताउनुभयो ।

सो सम्झौता यही फागुन ८ गते प्रतिनिधिसभामा प्रस्तुत भएको थियो । सो सम्झौतालाई यही फागुन १६ गतेभित्र अनुमोदन हुने-नहुने निधो गर्न अमेरिका सरकारले समयसीमा दिएको छ ।

# विरोध प्रदर्शनलाई संयमित बनाउन आयोगको आग्रह

काठमाडौं, १२ फागुन (रासस) ।
राष्ट्रिय मानव अधिकार आयोगले नागरिकको शान्तिपूर्ण बिरोध प्रदर्शन गर्न पाउने मानव अधिकारको सम्मान गर्न र बिरोध प्रदर्शनलाई संयमित बनाउन आग्रह गरेको छ ।

आयोगका प्रवक्ता डा टीकाराम भट्टराइद्वारा बिहीबार यहाँ जारी प्रेस विज्ञप्तिमा बिरोध प्रदर्शन गर्दा बल प्रयोग नगर्न र शान्ति सुरक्षा कायम गर्दा संयमित हुन सरकार एवमं सम्बद्ध निकायलाई आग्रह गरिएको छ ।

विज्ञप्तिमा भनिएको छ, "आफ्नो बिरोध प्रदर्शनलाई शान्तिपूर्ण बनाउन, सर्वसाधारण व्यक्तिका सम्पत्ति र भौतिक संरचनाहरुमा क्षति नपुऱ्याउन, बिरोध प्रदर्शन गर्दा संयमित हुन तथा आफ्नो अधिकारको प्रयोग गर्दा अरुको अधिकारको उपभोगमा अवरोध नपुऱ्याउन आयोग बिरोध प्रदर्शनमा उत्रिएका राजनीतिक दल, राजनीतिक दलका भातृ सङ्गठन तथा सर्वसाधारणलाई आग्रह गर्दछ ।"

# प्रतिनिधिसभाको बैठक स्थगित

काठमाडौं, १२ फागुन (रासस) ।
प्रतिनिधिसभाको बैठक सूचना टाँस गरी शुक्रबार दिउँसो १ बजेसम्मका लागि स्थगित गरिएको छ ।

प्रतिनिधिसभाको बिहीबारको बैठकमा अमेरिकी सहायता मिलेनियम च्यालेन्ज कर्पोरेशन (एमसिसी) सम्झौतामा सैद्धान्तिक छलफल हुने सम्भावित कार्यसूची रहेको

*बाँकी अन्तिम पृष्ठमा*

# एमसिसी परियोजना : ऊर्जा र यातायात क्षेत्रको विकासका लागि कोसेढुङ्गा

काठमाडौं, १२ फागुन (रासस)।

अमेरिकी सहयोग मिलेनियम च्यालेञ्ज कर्पोरेशन (एमसिसी)सम्बन्धी सम्झौता कार्यान्वयनमा आएपछि नेपालको ऊर्जा र यातायात क्षेत्रको विकासका लागि कोसेढुङ्गा सावित हुने ठानिएको छ।

एमसिसीले नेपाल सरकारलाई ४०० केभी क्षमताको विद्युत् प्रसारण लाइन निर्माण र देशका विभिन्न स्थानका सडकखण्डको मर्मतसम्भारका लागि अमेरिकी डलर ५०० मिलियन अमेरिकी डलर अनुदान सहायताका रूपमा उपलब्ध गराउने विषयसँग सम्बन्धित छ।

सरकारले प्रतिनिधिसभाको आइतबारको बैठकमा 'नेपाल सरकार र अमेरिकी सहयोग निकाय मिलेनियम च्यालेञ्ज कर्पोरेशन (एमसिसी) बीच भएको अनुदान सहायता सम्झौता'लाई टेबल गरेको थियो। सो प्रस्तावमा बिहीबारदेखि छलफल प्रारम्भ हुँदैछ। सञ्चार तथा सूचना प्रविधिमन्त्री ज्ञानेन्द्रबहादुर कार्कीले प्रतिनिधिसभाको बैठकमा एमसिसी सम्झौता टेबल गर्दै यस्ता विकास परियोजनाबाट प्राप्त हुने लाभ समयमै प्राप्त गर्न अनुमोदन गरी सहयोग गर्न आग्रह गर्नुभएको थियो।

एक अध्ययनअनुसार सम्झौता कार्यान्वयनपछि विद्युत् प्रसारण लाइनबाट दुई करोड ३० लाख तथा सडक मर्मत कार्यमा १० लाख नागरिकले प्रत्यक्ष लाभ प्राप्त गर्ने प्रारम्भिक अनुमान गरिएको छ। यी परियोजनाबाट ५० लाख घरधुरी लाभान्वित हुनेछन्। यसका अतिरिक्त यो सम्झौताको कार्यान्वयनबाट नेपालको ऊर्जा तथा यातायात क्षेत्रको विकासका लागि ५०० मिलियन अमेरिकी डलर (हालको विनिमय दरअनुसार करिब ६० अर्ब रुपैयाँ अनुदानका रूपमा प्राप्त हुने मन्त्री कार्कीले जानकारी दिनुभयो।

काठमाडौंको लप्सीफेदीदेखि नुवाकोटको रातमाटे हुँदै हेटौँडा र दमौली हुँदै बुटवलसम्म ४०० केभी क्षमताको करिब ३०० किलोमिटर लामो प्रसारण लाइन निर्माण भई सो आसपासका विद्युत् आयोजनाबाट उत्पादित विद्युत् प्रसारणमा सहयोग पुग्नाका साथै देशभर प्रसारण लाइनको जालो फैलाउन मद्दत पुग्नेछ।

यो अनुदान सहायता विद्युत् प्रसारण लाइन निर्माणमा कोसेढुङ्गा सावित हुनुका साथै देशको आर्थिक सामाजिक विकासका लागि महत्वपूर्ण साधनका रूपमा रहेको विद्युत्शक्तिको उपलब्धता सहज भई उत्पादन क्षेत्र सबल बन्ने, नेपालमा उत्पादित जलविद्युत्ले बजार पाउने तथा दिगो विकासमा सहयोग पुग्नेछ।

विद्युत् प्रसारणको सुनिश्चित भएपछि विद्युत् उत्पादनमा थप लगानी आकर्षित हुने र सडक खण्डको अन्तर्राष्ट्रिय मापदण्डबमोजिमको मर्मत भई यातायात सुविधा सहज हुने र यस्तो मर्मत कार्यको अनुभव अन्य सडकखण्डमा समेत उपयोग गर्न सकिने सरकारले जनाएको छ।

हाल उच्च क्षमताको एकमात्र अन्तरदेशीय प्रसारण लाइन भएकामा यस सहायताबाट निर्माण हुने प्रसारण लाइनमा जोडिने गरी अर्को अन्तरदेशीय प्रसारण लाइन निर्माण गर्न आधार खडा भई नेपालमा उत्पादित बचत विद्युत् व्यापारका लागि ढोका खुल्ने, यसबाट नेपालले प्रत्यक्ष लाभ लिन सक्नेछ।

मन्त्री कार्कीका अनुसार यस सम्झौताको कार्यान्वयनका लागि अन्य सबै पूर्वसर्तहरू पूरा भइसकेकाले यसको अनुमोदनपश्चात् यसबाट सञ्चालन हुने आयोजना सुरु भएको मितिले पाँच वर्षभित्र सम्पन्न भई आयोजनाको प्रतिफल समयभित्रै प्राप्त हुनेछ। अमेरिकी सहयोग निकायले ५०० मिलियन अमेरिकी डलर उपलब्ध गराउने र नेपाल सरकारले पाँच वर्षको अवधिमा १३० मिलियन अमेरिकी डलर बराबरको रकम वार्षिक विनियोजन गरी व्यहोर्नेछ।


सन्धि ऐन, २०४७ को दफा ४ को व्यवस्थाबमोजिम नेपाल सरकार, मन्त्रिपरिषद्ले विसं २०७५ माघ २५ मा नेपाल सरकार र अमेरिकी सहयोग निकाय 'मिलेनियम च्यालेञ्ज कर्पोरेशन (एमसिसी) बीच भएको अनुदान सहायता सम्झौतालाई अनुमोदन गर्न सङ्घीय संसद् पेस गर्न अर्थ मन्त्रालयलाई स्वीकृति दिने निर्णय गरेको थियो। सोहीअनुरूप नेपालको संविधानको धारा २७९ बमोजिम प्रतिनिधिसभाको साधारण बहुमतबाट सम्झौता अनुमोदन गर्नका लागि तत्कालीन अर्थमन्त्री डा युवराज खतिवडाले संसद्समक्ष प्रस्ताव पेस गर्नुभएको थियो।

नेपाल सरकार र एमसिसीबीच विसं २०७४ भदौ २९ गते भएको सम्झौताअनुसार यो सम्झौता कार्यान्वयनमा आएको मितिले पाँच वर्षभित्र यस सहयोगबाट सञ्चालन हुने आयोजना सम्पन्न हुनुपर्ने हुन्छ। सम्झौता कार्यान्वयनमा जानुपूर्व प्रतिनिधिसभाको सामान्य बहुमतबाट अनुमोदन हुनुपर्ने गरी कानून, न्याय तथा संसदीय मामिला मन्त्रालयले २०७५ पुस २६ गते राय दिएकाले अनुमोदनका लागि संसद्मा प्रस्ताव गरिएको हो।

## हावाहुरीको मौसममा आगलागीबाट जोगिन सर्वसाधारणलाई स्थानीय विपद जोखिम न्यूनिकरण समितिको अपिल

- विहान ९ बजेसम्म खाना पकाई चुल्होमा रहेको आगो राम्ररी निभाऔं।
- खाना पकाउँदा खर पत्करको प्रयोग भएमा आगलागी हुन सक्छ की भनेर पूरै सावधानी अपनाउने गरौं र चुल्हो नजिक एक जना अनिवार्य बस्ने बानी बसालौं।
- दिउँसोको समयमा हावाहुरी चल्ने हुँदा विहान ९ बजेपछि चुल्हो बाल्नुपर्ने कुनै काम नगरौं।
- घर नजिक थ्रेसर सञ्चालन नगरी घरदेखि टाढा चौर वा खेतमा सञ्चालन गर्ने गरौं।
- सलाई, लाइटर, मट्टितेल लगायतका अन्य पेट्रोलियम पदार्थ बालबालिकाको पहुँचभन्दा टाढा राख्ने बानी बसालौं।
- घरमा एक बाल्टीन वा अन्य भाडोमा पानी २४सै घण्टा राख्ने बानी बसालौं।
- गुहालीमा घुर बाल्दा सावधानी अपनाउने गरौं।
- घरको कुनै सजिलो ठाउँमा २/४ बोरा बालुवा राख्ने गरौं जसले गर्दा कहिँ आगलागी भयो भने निभाउन सहयोग हुन्छ।
- घर तथा गुहालीमा लगाइएको टाटी राम्रोसँग माटोले दुवैतर्फ लिपपोत गर्ने गरौं।
- आगोबाट हुने जोखिम तथा धनजनको क्षति बारेमा परिवारका सदस्यहरुलाई जानकारी गराई सजग र सतर्कता अपनाउने बानी बसालौं।
- गाउँमा बारुणयन्त्र आउने जाने बाटो खुल्ला राखौं र बारुणयन्त्रलाई पोखरीबाट पानी भर्न र आगलागी नियन्त्रण गर्ने कार्यमा सहयोग गरौं।
- गाउँका पोखरीहरुमा पानी सञ्चित राख्ने बानी बसालौं।
- गाउँमा कसैले आगो जथाभावी राखेको छ भने गाउँ घरमा त्यसरी आगो खुल्ला राख्नु हुँदैन भनेर सचेत गराउने गरौं।
- कहीँ कतै आगलागी भएमा नजिकको प्रहरी चौकी वा जिल्ला प्रहरी कार्यालयको कन्ट्रोलको नम्बर ९८५२८९०२७० वा १०० नम्बरमा जानकारी गराऔं।
- कसैको ज्यान वा सम्पत्तिमाथि आगजनी गर्ने अपराध भएकोले यस्तो कार्यमा सहभागी नहोऔं।
- आगजनी घटनालाई न्यूनिकरणको लागि प्रहरीसँग सहकार्य गरौं र जनधनको क्षति हुनबाट बचौं र बचाऔं।
- आगलागी प्रकोप उद्धारको सामग्रीहरु जस्तै बाल्टिन, जग, बेल्चा, गैंती, डोरी, स्ट्रेचर, प्राथमिक उपचारको सामग्रीहरु, आगलागी उद्धारको लागि लगाउने कपडा भएसम्म व्यवस्था गरी राखौं।

**अनुरोधकर्ता**
**अग्निसाइर कृष्णासवरण गाउँपालिका, सप्तरी**


**डा. आदर्श कुमार सिंह**
**Dr. Adarsh Kumar Singh**

MBBS, MD TU
NMC Reg. No. : 9413
**कन्सलटेन्ट फिजिसियन**
मधुमेह (चिनी रोग), मुटु, दम एवम् श्वास प्रश्वास, पेट तथा कलेजो रोग मृगौला, छाती, थाइराइड सम्बन्धि रोग

**डा. ललन प्रसाद रौनियार**
**Dr. Lalan Prasad Rauniyar**

MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
**कन्सलटेन्ट बाल रोग विशेषज्ञ**
वरिष्ठ नवजात शिशु तथा बालरोग

**सम्पर्क : जयश्री कृष्ण फार्मेशी**
गजेन्द्र नारायण सिंह अस्पताल (दक्षिण गेट), हनुमाननगर रोड, राजविराज, सप्तरी
**Phone :** 031-533774 / **Mo. No** : 9819721526, 9852820734


# विश्व समाचार

## पुटिनद्वारा युक्रेनलाई 'असैनिकीकरण' गर्न 'सैन्य अभियान' घोषणा गरेको दाबी

रूस (मस्को), १२ फागुन (रासस-एएनआई)।

रुसी राष्ट्रपति भ्लादिमिर पुटिनले पूर्वीयुक्रेनको पृथकतावादी नियन्त्रित क्षेत्र डोनबासको रक्षा गर्न विशेष "सैन्य अभियान" घोषणा गर्नुभएको विभिन्न सञ्चारमाध्यमले बिहीबार उल्लेख गरेका छन्। आपतकालीन ठेगाना दिँदै पुटिनले देशलाई निशस्त्रीकरण गर्न अपरेशन शुरु गरिएको बताउँनु भएको छ। युक्रेनका राष्ट्रपति भोलोडिमिर जेलेन्स्कीले युक्रेनले रुसलाई कुनै खतरा नदिएको र नरहेको बताएको केही घण्टापछि यो घोषणा आएको हो। रूसी भाषामा पठाइएको भावनात्मक अपीलमा जेलेन्स्कीले भन्नुभएको छ, "तपाईलाई भनिएको छ कि युक्रेन रूसको लागि खतरा हुन सक्छ तर यो विगतमा पनि यस्तो थिएन, अहिले पनि त्यस्तो छैन र भविष्यमा पनि हुने छैन।

तपाई नाटोसँग सुरक्षाको ग्यारेन्टी माग्नुहुन्छ। हामी हाम्रो सुरक्षाको ग्यारेन्टी पनि माग्छौं "बुडापेस्ट मेमोरेन्डम को," एक भिडियोमा उक्त कुरा बताइएको छ। युक्रेनी राष्ट्रपतिले मस्कोको दावीलाई पनि खण्डन गर्दै आफ्नो देश रुसका लागि खतरा नभएको र रुसी आक्रमणले दशौं हजारको ज्यान लिने चेतावनीसमेत दिनुभएको छ। यसैबीच ह्वाइट हाउसले बुधवार मस्कोले युक्रेनमा आक्रमण गरे पुटिनले महत्त्वपूर्ण परिणाम भोग्नुपर्ने चेतावनी दिएको छ।

यसैबीच युक्रेनको विद्यमान अवस्थाबारे राष्ट्रसंघ सुरक्षा परिषद्को आपतकालीन बैठक चलिरहेको छ। युक्रेनबाट अलग भएका क्षेत्र डोनेस्क र लुहान्स्कका प्रमुखले रुसी राष्ट्रपतिलाई सहयोगको लागि आग्रह गरेपछि युक्रेनले संयुक्त राष्ट्रसंघ सुरक्षा परिषद् (UNSC)को तत्काल बैठकको लागि अनुरोध गरेको छ। पुटिनले रुसी सशस्त्र सेनालाई युक्रेनको विखण्डित क्षेत्रमा पठाउन पनि आदेश दिनुभएको छ। यसैबीच, युक्रेनी संसद्, भेर्खोभना राडाले देशको सिमानामा बढ्दो अवस्थाको बीचमा डोनेट्स्क र लुहान्स्क क्षेत्र बाहेक सम्पूर्ण देशमा आपतकालीन अवस्था घोषणा गर्न अनुमोदन गर्नुभएको छ।

## युक्रेनमा सङ्कटकालको घोषणा

किभ, १२ फागुन (रासस/सिन्हवा)।

युक्रेनमा संकटकालको घोषणा गरिएको छ। यहाँको सरकारले बिहीबार सङ्कटकालको घोषणा गरेको जनाएको हो। युक्रेनको सरकारले बिहीबारै मध्यरातिदेखि लागू हुनेगरी भनी देशभरका लागि संकटकालको घोषणा गरेको हो। यो संकटकाल ३० दिनका लागि घोषणा गरिएको छ।

बुधबारको संसद् बैठकले सो संकटकाल पास गरेको हो। सो संसद्मा कायम रहेका ४५० जना सांसदमध्ये ३३५ ले सरकारले ल्याएको संकटकालको पक्षमा मतदान गरेका थिए। पूर्वीयुक्रेनमा पछिल्लो समयमा रुसले सेना तैनाथ गरेको छ र युक्रेनमाथि रुसले हमला गर्ने योजना बनाएको बताउँदै आएको यस अवस्थामा रुसले युक्रेनमा सैन्य कारबाही सुरु गर्ने घोषणा गरेको छ।

संयुक्त राष्ट्रसंघको सुरक्षा परिषद्मा युक्रेन संकटबारे छलफल चलिरहेको बेला रुसी राष्ट्रपति भ्लादिमिर पुटिनले सैन्य कारबाहीको घोषणा गर्नु भएको छ। पछिल्लो समयमा युक्रेनमा तनाव बढेको छ। अमेरिकालगायतका केही पश्चिमा देशले युक्रेनबाट आफ्ना कूटनीतिक कर्मचारी र नागरिक पनि फिर्ता लगेका छन्।

## बाइडेनद्वारा युक्रेन आक्रमणको निन्दा

अमेरिको (वाशिङ्टन), १२ फागुन (रासस-एएनआई)।

युक्रेनमा रुसको "उत्तेजना र अनुचित आक्रमण"को निन्दा गर्दै अमेरिकी राष्ट्रपति जो बाइडेनले पूर्वनियोजित युद्धले जीवन र मानवीय क्षति निम्त्याउने बताउँनु भएको छ। "सारा संसारको प्रार्थना युक्रेनका जनताको पक्षमा छ। युक्रेनका रुसी सैन्य बलद्वारा अव्यावहारिक र अनुचित आक्रमणको सामना गर्नुपरेको छ। राष्ट्रपति पुटिनले एक पूर्वनियोजित युद्ध रोजेका छन् जसले विनाश ल्याउनेछ।" बाइडेनले भन्नुभएको छ।

राष्ट्रपति पुटिनले पूर्वनियोजित युद्ध छनोट गरेका छन् जसले विनाशकारी मानवीय क्षति, मानवीय पीडा ल्याउनेछ,' ह्वाइट हाउसबाट जारी विज्ञप्तिमा बाइडेनले भन्नुभएको छ,' संयुक्त राज्य अमेरिका, यसका सहयोगी र साझेदारले एकजुट तथा निर्णायक ढङ्गले जवाफ दिने पनि बाइडेनको टिप्पणी छ। यस आक्रमणले ल्याउने मृत्यु र विनाशको लागि रुस मात्र जिम्मेवार छ र विश्वले रुसलाई जवाफदेही बनाउनेछ, उहाँले भन्नुभयो। अमेरिकी राष्ट्रपतिले अहिले ह्वाइट हाउसबाटै स्थितिको अनुगमन गर्ने र बिहान आफ्ना जी-७ समकक्षीसँग भेट गर्ने जानकारी पनि दिनुभएको छ।

"भोलि बिहान मेरा जी-७ समकक्षीसँग भेट गर्नेछु र त्यसपछि युक्रेन र विश्वव्यापी शान्ति र सुरक्षा विरुद्धको यो अनावश्यक आक्रमणको लागि संयुक्त राज्य अमेरिका र हाम्रा सहयोगी र साझेदारले यस विषयमा उचित निर्णय लिन एकजुट हुनेछौं।" राष्ट्रपति बाइडेनले अमेरिकाले आफ्ना नाटो सहयोगीसँग पनि गठबन्धन विरुद्ध कुनै पनि आक्रमणलाई रोक्न बलियो एकजुट प्रतिक्रिया सुनिश्चित गर्न समन्वय गर्नेछ। "बिहीबार राति, जिल (फर्स्ट लेडी जिल बाइडेन), म युक्रेनका बहादुर र गर्व गर्न लायक जनताका लागि प्रार्थना गरिरहेका छौं," उहाँले थप्नुभयो। राष्ट्रपति भ्लादिमिर पुटिनले पूर्वीयुक्रेनको पृथकतावादी नियन्त्रित क्षेत्र डोनबासको रक्षा गर्न विशेष "सैन्य अभियान" घोषणा गरेपछि बाइडेनको यो टिप्पणी आएको हो।

# सप्तरीमा कोरोना संक्रमण दर घट्दै




**दैनिक समाचारदाता**
**राजविराज, १२ फागुन ।**
जिल्ला स्वास्थ्य कार्यालयले सप्तरीमा पछिल्लो तीन दिनयता एक जना पनि कोरोना संक्रमित नभएको जनाएको छ ।

बिहीबार ९ जनाको स्वाब परिक्षण गर्दा सबैको रिपोर्ट नेगेटिभ आएको जिल्ला स्वास्थ्य कार्यालयका प्रमुख दुनियालाल यादवले जानकारी दिए । उनले कोरोनाको तेश्रो लहरमा विगत दुई महिनादेखी दिनहुं संक्रमित फेला पर्ने गरेकोमा तीन दिनयता संक्रमित नथपिएको बताए ।

जिल्लामा हालसम्म ४ सय २ जना संक्रमित भएकोमा ३ सय २३ जना निको, ५ जनाको मृत्यु र ७४ जना संक्रिय संक्रमित अहिले होमआइसोलेशनमा रहेको जानकारी दिए ।

उनले संक्रमण दर घट्दै गएपनि अहिले पनि सरकारले तोकेको स्वास्थ्य सुरक्षा मापदण्डको पालना गर्नु उत्तिकै जरुरी रहेको सुझाव दिए ।

# प्रहरीको जवाफी कारबाहीमा एक भारतीय गाँजा तस्करको मृत्यु

कलैया, १२ फागुन (रासस) ।
प्रहरीको गोली लागेर बारामा एक गाँजा तस्करको मृत्यु भएको छ ।

बुधबार राति सात/आठ जनाको समूहमा पाँच पाकेटमा ७५ किलो गाजा नेपालबाट भारततर्फ लगिरहेको सूचना पाएपछि प्रहरीको टोली त्यसतर्फ गस्तीमा जाँदै गर्दा सिम्रौनगढ नगरपालिका-२ महुयाहीमा गस्ती टोलीलाई लक्षित गरी तस्करले एक राउन्ड गोली चलाएको र आत्मरक्षाका लागि प्रहरीले चलाएको गोली लागि नाम नखुलेका एक गाजा तस्करको मृत्यु भएको बताइएको छ ।

भारतीय नागरिकलाई कम्मरमा गोली लागि घाइते भई उपचारका लागि कलैया अस्पताल ल्याएकामा निजको राति १ बजेर ३० मिनेटमा मृत्यु भएको प्रहरी प्रवक्ता राजेश थापाले जानकारी दिनुभयो ।

प्रहरीको जवाफी फायरपछि तस्करले गाजा छाडेर भाग्दै गर्दा एक जना भारतीयलाई प्रहरीको टोलीले पक्राउ गर्न सफल भएको प्रहरी प्रवक्ता थापाले बताउनुभयो । पक्राउ पर्नेमा भारत विहार मोतिहारी जिल्ला ग्राम पञ्चायत पिप्रा निवासी ४० वर्षीय हृदेश गिरी रहेको थापाले जानकारी दिनुभयो । शवलाई प्रदेशिक अस्पतालमा राखिएको छ ।

# बन्दुकसहित तीन पक्राउ

कैलाली, १२ फागुन (रासस) ।
सशस्त्र प्रहरीले बिहीबार बन्दुकसहित तीनजनालाई पक्राउ गरेको छ । सशस्त्र प्रहरी बल नेपाल नं ३४ गणमातहतको बिओपीबाट खटिएको गस्ती टोलीले कैलारी गाउँपालिका-५ छोटीपलियाबाट कैलारी-३ का लौटन चौधरी, सोही ठाउँका नीरेन्द्र चौधरी र सन्तराम चौधरीलाई एक थान दुईनाले बाह्रबोरको बन्दुकसहित पक्राउ गरेको प्रहरी उपरीक्षक धनबहादुर सिंहले जानकारी दिनुभयो ।

गुडिरहेको से २ प ८९२ नं को बजाजको डिस्कोभर मोटरसाइकल रोकी जाँच गर्दा इजाजत नभएको एक थान बन्दुकसहित पाँच थान बन्दुकमा प्रयोग हुने टोटा/कार्टिज, तीन थान मोबाइल र उक्त मोटरसाइकल बरामद गरिएको जनाइएको छ ।

# कूटनीति र संवादबाट युक्रेन सङ्कटको समाधान खोज्न नेपालको आग्रह

काठमाडौं, १२ फागुन (रासस) ।
नेपाल सरकारले संवाद र कूटनीतिका माध्यमबाट युक्रेन सङ्कटको समाधान खोज्न सम्बद्ध पक्षसँग आग्रह गरेको छ ।

युक्रेनमा विकसित घटनाक्रमलाई नजिकबाट नियालिरहेको बताउँदै सरकारले त्यहाँ तनाव नबढाउन र सबै पक्षलाई अधिकतम संयमता अपनाउन आग्रह पनि गरेको छ । परराष्ट्र मन्त्रालयले बिहीबार एक विज्ञप्ति निकालेर संयुक्त राष्ट्रसङ्घको सदस्यको हैसियतमा नेपालले संयुक्त राष्ट्रसङ्घको बडापत्रमा उल्लेखित सार्वभौमसत्ता र क्षेत्रीय अखण्डताका सिद्धान्तहरू सर्वमान्य रहेका तथा सबै सदस्य राष्ट्रले तिनको पूर्णरूपमा सम्मान गर्नुपर्नेमा जोड दिएको छ ।

युक्रेनको डोनेट्स्क र लुहान्स्क क्षेत्रलाई स्वतन्त्र संस्थाका रूपमा मान्यता दिनु संयुक्त राष्ट्रसङ्घको बडापत्रको प्रावधानका विपरीत भएको जनाउँदै विज्ञप्तिमा "नेपालले कुनै पनि परिस्थितिमा सार्वभौमसत्ता सम्पन्न देशविरुद्ध कुनै पनि शक्तिको प्रयोगको विरोध गर्दछ र कूटनीति र संवादबाट विवादको शान्तिपूर्ण समाधानमा विश्वास गर्दछ", भनिएको छ ।

***प्रतिनिधिसभाको...***

थियो । संसद् भवन नयाँ बानेश्वरमा बिहीबारै बसेको कार्यव्यवस्था परामर्श समितिको बैठकमा एमसिसी सम्झौतालाई अगाडि बढाउने विषयमा सहमति जुट्न नसकेपछि बैठक सूचना टाँस गरी स्थगित गरिएको हो ।

बिहीबार दिउँसो १ बजेका लागि निर्धारित बैठक विशेष कारणले बस्न नसक्ने भएकाले प्रतिनिधिसभा नियमावली, २०७५ अनुसार भोलिका लागि सारिएको संसद् सचिवालयद्वारा जारी सूचनामा उल्लेख गरिएको छ ।

# करेन्ट लागेर एकको ज्यान गयो

**दैनिक समाचारदाता**
**राजविराज, १२ फागुन ।**
सप्तरीको डाक्नेश्वरी नगरपालिका ९ पत्थरगाढामा बुधबाररराति करेन्ट लागेर एक व्यक्तिको मृत्यु भएको छ ।

मृत्यु हुनेमा स्थानीय ४२ बर्षीय महादेव साह रहेका छन् । प्रहरीका अनुसार घर नजिककै रहेको पोखरीबाट मोटर जडान गरी नयाँ घरमा पानी पठाउने क्रममा अचानक उनलाई करेन्ट लागेको थियो ।

करेन्ट लागेर घाइते भएका उनलाई तत्कालै उपचारका लागि राजविराजस्थित छिन्नमस्ता अस्पताल ल्याउँदै गर्दा मृत्यु भएको जिल्ला प्रहरी प्रहरी कार्यालय सप्तरीले जनाएको छ ।


## हार्दिक श्रद्धाञ्जली



सूर्य नारायण यादव

खानेपानी तथा सरसफाई डिभिजन कार्यालय सप्तरीमा कार्यरत कर्मचारी ५२ वर्षिय सूर्य नारायण यादवको २०७८/११/११ गते असमायिक निधन भएकोमा हामी स्तब्ध भएका छौं । दुःखको यस घडीमा शोक सन्तप्त परिवारजन प्रति हार्दिक समवेदना प्रकट गर्दै दिवंगत आत्माको चिरशान्तिको कामना गर्दछौं ।

**खानेपानी तथा सरसफाई डिभिजन कार्यालय सप्तरी परिवार**

**सामाजिक सञ्जालको दुरुपयोगबारे सचेत रहौं ।**

- आफुले प्रयोग गर्ने मोबाईल, कम्प्युटर जस्ता विद्युतीय उपकरण प्रयोग गरिसकेपछि सधै लगआउट गरौं ।
- अरुलाई आफ्नो एकाउण्टको पासवर्ड नदिउँ ।
- साथीभाई वा अन्यको फोटो तथा भिडियो खिच्नु र सामाजिक सञ्जालमा राख्नु अघि अनुमति लिऔं ।
- अपरिचित व्यक्तिको साथी बन्ने प्रस्ताव आए अस्वीकार गरौं ।
- सामाजिक सञ्जालमै चिनेको भरमा बोलाएको ठाउँमा भेट्न नजाऔं ।
- सामाजिक जीवनमा गर्न नमिल्ने काम तथा व्यवहार सामाजिक सञ्जालमा पोष्ट वा शेयर नगरौं ।
- सामाजिक सञ्जालमा देखिएका भ्रामक, आधिकारीता नभएका सूचना सन्देश, फोटो तथा भिडियो शेयर नगरौं ।
- कसैको मर्यादा, प्रतिष्ठा तथा सम्मानमा आँच आउने खालका सूचना तथा सन्देश पोष्ट वा शेयर नगरौं ।
- शंकास्पद तथा अशोभनीय सन्देश प्राप्त भए प्रतिपाद गरौं र रेकर्डको लागि सुरक्षित राखौं ।

सामाजिक सञ्जालको उपयोगमा सचेत बनौं र त्यसबाट हुनसक्ने अपराधिक क्रियाकलाप नियन्त्रण गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

देश विदेशबाट पठाइएको रकम तुरुन्त भुक्तानी लिनका लागि सम्झनुहोस् ।
हाम्रो सेवाहरु → ipay remit, City Express Money Transfer, Best Remit Quick & Easy, Prabhu Money Transfer, IME International Money Express, himal remit हिमालरेमिट, CG Money

**नेपाल सहकारी संस्था लि.**
राजविराज ४, फोन नं. ०३१-५३१०९६


**प्रकाशक :** नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक :** अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक :** दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट :** संजय शेखर, **मुद्रण :** न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५२०७६८ (कार्यालय), **इमेल :** *rajbirajdainik@gmail.com*, **वेवसाइट :** *rajbirajdainik.com.np*